जंकोट बाट पैदलयात्रा शुरु हुन्छ । जंकोटबाट गैराखुटी, निपाने, हाल्टे छेडा, भाडेधुरी, धरमपानी हुँदै ६ देखि ७ घण्टामा जलजला वराहा मन्दिरसम्म पुग्न सकिने यो बाटोमा पनि कुनै होटल छैनन् । पुरानो गोरेटो बाटो हुनाले गुरिल्ला पदमार्ग जस्तो फराकिलो छैन । वन, उकालो ओरालो, बुँकी र चरन क्षेत्र समेत समेटीने हुनाले यो बाटोको यात्रा पनि निकै रमणीय हुन्छ । बीच-बीचमा फाट्ने गोरेटाहरुबाट बाटो भुल्न सक्ने हुँदा स्थानीय मानिसको साथमा हिड्दा सहज हुन्छ ।

- **थवाङ-चालावाङ-जलजला:** रोल्पाको थवाङबाट आधा घण्टाको ड्राइभिङमा चालावाङ भन्ने ठाँउसम्म पुगिन्छ । चालावाङबाट पैदल यात्रा शुरु गरेपछि तेजिवाङ, बेदोखर्क हुँदै जलजलासम्म ३ देखि ४ घण्टामा पुगिन्छ । यो बाटो अन्य पैदल यात्राको बाटाहरु भन्दा सहज मानिने भएको हुनाले अप्ठेरो बाटो हिड्न असहज हुने यात्रुहरुका लागि पनि उपयुक्त मानिन्छ । थवाङमा होटलहरुको राम्रो व्यवस्था भएका कारण यात्रुहरु बिहान थवाङबाट हिडेर जलजलाको मन्दिर दर्शन गरि बेलुका पुनः थवाङ वास वस्न फर्कन्छन् ।
- **लिवाङ-मिरुल (टुटु)-जलजला :** लिवाङबाट ३ घण्टाको बस यात्रा पछि थवाङ गाउँपालिका वडा नम्बर ३ मिरुल को टुटु भन्ने ठाँउ सम्म पुगिन्छ । टुटुमा स्थानीय स्तरका खाजा पसलहरु रहेका छन् जहाँ साधारण खालको बासबस्ने व्यवस्था पनि रहेको छ । टुटुबाट पैदल यात्रा शुरु हुन्छ जुन भित्रिवन, ध्वजा हाल्ने लेक, छिकुम्वाङ र धङ्नेछेडा हुँदै जलजला मन्दिर सम्म पुग्दछ । यो पैदल यात्रालाई ४ देखि ५ घण्टाको समय लाग्दछ । ध्वजाहाल्ने लेक सम्मको बाटो खोँच र उकालो भएपनि ध्वजाहाल्ने लेक पुगे पछि भने अग्लो पहाड बाट देखिने मनोरम दृश्य हेर्दै हिँड्न सकिन्छ । दाङ, सल्यान लगायतका पश्चिमी जिल्लाहरुबाट आउने पर्यटकका लागि यो बाटो छोटो पर्दछ । घोराहीबाट सहिद मार्ग हुँदै ४ घण्टाको बस यात्रामा मिरुल पुगिन्छ । मिरुल बाट थवाङ पुग्न थप डेढ घण्टाको यात्रा गर्नु पर्दछ।
- **सुलिचौर-उवा-जलजला:** सुलिचौरबाट थवाङ गाउँपालिकाको वडा नम्बर ४ र ५ स्थित उवा भन्ने स्थान सम्म करिब ४ घण्टाको ड्राइभिङमा पुग्न सकिन्छ । उवाबाट पैदल यात्रा सुरु हुन्छ र पुष्पा, मालिवारखोला, ग्याङरो, साउने खोला, रइधुरी हुँदै जलजलासम्म पुग्न ३ देखि ४ घण्टाको समय लाग्दछ । यो बाटो हिंड्दा उवामा रहेको मगरहरुको पुरानो बस्ती, जीवनशैली र संस्कृती हेर्ने र बुझ्ने अवसर मिल्नुका साथै इधुरी हुँदै जलजला सम्मको अग्लो पहाडको रोमाञ्चक यात्राको अनुभूति पनि हुन्छ ।

## भ्रमण समय र आवास सम्बन्धि जानकारी

जलजला क्षेत्रको भ्रमणको उपयुक्त समय वैशाख देखि आश्विन महिनासम्म मानिन्छ । वैशाख महिनाबाट लालीगुँरास फुल्न शुरु हुने र चिसो पनि कम हुने हुँदा पर्यटकहरु आउन शुरु गर्दछन् । वैशाख पुर्णिमा देखि जनै पुर्णिमा सम्मका सबै पुर्णिमाहरुमा बराह मन्दिरमा पुजापाठ र बली चढ्ने हुनाले यो अवधिमा धार्मिक पर्यटनका साथै प्राकृतिक सुन्दरता समेतको आनन्द लिन सकिन्छ । साथै यो समयमा गोठालाहरु हुने हुनाले उनीहरुसँग गोठमा वास बस्न पनि सकिन्छ । हालसम्म यो क्षेत्रमा होटलको व्यवस्था छैन तर मन्दिर परिसरमा पर्यटकहरुका लागि धर्मशाला बनाइएको छ जहाँ आफ्नै बन्दोबस्तीका साथ वास बस्न सकिन्छ भने क्याम्पफायर गरी रमाईलो समेत गर्न सकिन्छ । हिउँदको समयमा हिँउ खेल्नको लागि भ्रमण गर्न सकिन्छ । हिँउदमा जमेको हिँऊका कारण पैदल हिड्न अति कठिन हुन्छ । साथै अकस्मात ठुलो हिँउ पनि पर्न सक्ने हुनाले त्यस्तो अवस्थाको लागि आवश्यक तयारीका साथमा मात्रै हिँउदे यात्रा तय गर्नु पर्दछ ।

## दिगो व्यवस्थापनका चुनौतिहरु

पर्यापर्यटनको अपार सम्भावना बोकेको जलजला क्षेत्रको अपेक्षाकृत विकास र व्यवस्थापन हुन सकिरहेको छैन । रोल्पाका सरोकारवालाहरु सँगको अन्तर्कृया र भौगोलिक अवलोकनका आधारमा जलजलाको दिगो व्यवस्थापनका निम्न चुनौतीहरु रहेका छन् :-

- विकास र व्यवस्थापनका खाका र योजना नहुनु
- अधिकार प्राप्त व्यवस्थापन निकाय नहुनु
- भौगोलिक विकटता र पँहुचमा असहजता
- स्थानीय पालिकाहरुमा देखिने क्षेत्रगत सोच
- खुला तथा परम्परागत चरिचरण पद्धति
- चोरी शिकारी, डढेलो र जडिबुटीको अनियन्त्रित संकलन
- संरक्षणमा स्थानीयको उदाशिनता र जनचेतनाको कमी

## सम्भावना र सुझावहरु

उल्लेखित चुनौतीहरुलाई सम्बोधन गर्ने गरी विकास र व्यवस्थापनका कार्यहरु योजनाबद्ध तरिकाले अगाडी बढाउन सकेमा जलजला क्षेत्रको दिगो विकास गर्न सकिन्छ । दिगो विकासले यस क्षेत्रको सामाजिक र आर्थिक विकासलाई धर्म र जैविक विविधताको संरक्षण र पर्यापर्यटनसँग जोड्नेछ र नेपालको एक उत्कृष्ट पर्यटन क्षेत्रको पहिचान बनाउने छ । यी सम्भावनाहरुलाई यथार्थ बनाउन निम्न कार्यहरु गर्नुपर्ने हुन्छ :-

- जलजलाको संरक्षण, विकास र व्यवस्थापनको गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने ।
- अधिकार प्राप्त व्यवस्थापन निकाय (स्थानीय सरोकारवालाहरुको सहभागिता सहित) मार्फत व्यवस्थापन गर्ने ।
- संरक्षणमुखी पुर्वाधार निर्माण गरी पहुँचमा सहजता ल्याउने ।
- स्थानीय युवाहरुलाई जैविक विविधता र पर्यापर्यटन शिक्षामा जोडदिई त्यसबाट आय-आर्जन गर्न सक्ने बनाउने ।
- चरिचरणलाई व्यवस्थित बनाउने र प्राकृतीक स्रोतको उपभोगमा दिगोपना ल्याउने ।
- पर्यटकहरुलाई आकर्षित गरी स्थानीयहरुको आय-आर्जनमा टेवा पुर्‍याउने खालका पुर्वाधार र क्षमता विकासमा विशेष पहल गर्ने ।
- चोरी सिकार, अखेटोपहार ओसारपसार, जडिबुटीको अनियन्त्रित संकलन, वन फडानी, वन अतिक्रमण र वन डढेलो जस्ता क्रियाकलापको प्रभावकारी नियन्त्रण गर्ने ।

यस सन्दर्भमा थप जानकारी आवश्यक भएमा **डिभिजन वन कार्यालय, रोल्पा**मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

# रोल्पाको जलजला: धार्मिक र पर्यापर्यटनको उत्कृष्ट सम्भावनाको क्षेत्र





प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

**डिभिजन वन कार्यालय रोल्पा**

फोननं.:०८६-४४०११२, ९८५७८२४११२, ९८५७८७७०१८
Email: dforolpa12@gmail.com | www.dforolpa.gov.np

## परिचय



*जलजला क्षेत्रको अबस्थिती झल्किने नक्सा*

नेपालको लुम्बिनी प्रदेश अन्तर्गतको पहाडी जिल्ला रोल्पामा पर्ने जलजला जैविक विविधता, वन्यजन्तु, खोलानाला, दह तथा पोखरीहरु जस्ता प्राकृतिक सम्पदाका साथै धार्मिक एवम् सांस्कृतिक महत्व बोकेको पर्यटकीय क्षेत्र हो । जिल्लाको सदरमुकाम लिवाङ देखी उत्तर-पूर्व तर्फ करिव ८० किलोमिटरको दुरीमा समुन्द्री सतह देखि ३२९५ मिटर उचाइमा रहेको दलदल जमिन (जलजला)को नामबाट करिब ४७ हजार हेक्टरमा फैलिएको उच्च पहाडी वन र बुकी क्षेत्रलाई जलजला क्षेत्र भनेर चिनिन्छ । रोल्पाका ४ वटा स्थानीय तह अन्तर्गतका १० वटा वडाहरु क्रमशः थवाङ गा.पा.का सबै (५ वटा वडाहरु), रोल्पा न.पा.का ३ वटा वडाहरु (८, ९ र १०), परिवर्तन गा.पा.को कुरेली (वडा नं. १) र सुनछहरी गा.पा. को जेल्वाङ (वडा नं.७) बाट जलजला क्षेत्र घेरिएको छ र यहाँका मानिसहरु वनजन्य स्रोतहरु, चरन र जडिबुटीका लागि जलजला क्षेत्रमा भर पर्ने गरेका छन् । समुन्द्री सतहबाट करिव १००० देखि ३५०० मिटर सम्मको उचाई समेट्ने यो क्षेत्रमा उपोष्ण मनसुनी क्षेत्रदेखि ठण्डा समशीतोष्ण क्षेत्र सम्मको हावापानी र सोही अनुसारका वनस्पतिहरु पाइन्छन् । जलजला क्षेत्रको खास पहिचान नै दलदल जमिनमा टेक्दा भुवादार गलैंचामा उफ्रेर हिंडेको जस्तो रमाईलो अनुभुति हुनु हो । जलजलाबाट उत्तरमा सिस्ने, पुथा, डोगारी, गुर्जा र धौलागिरी हिमश्रृङ्खला देखिन्छन् भने हिउँदमा जलजला आँफै हिउँले सेताम्मे बनेको हुन्छ । लुम्बिनी प्रदेश सरकारले जलजला क्षेत्रलाई संरक्षित वन क्षेत्रका रुपमा प्रस्ताव गरेको छ भने राष्ट्रिय प्रकृति संरक्षण कोषले जलजला क्षेत्रलाई व्यवस्थापनको इच्छा देखाइ विभिन्न स्थानमा सांकेतिक चिन्ह राख्ने काम समेत गरेको छ । यो क्षेत्र प्राकृतिक स्रोतका लागि मात्र नभई धार्मिक सांस्कृतिक र उत्साहप्रद पर्यटनका लागि समेत प्रसिद्ध रहेको छ ।

## धार्मिक महत्व

यहाँ अवस्थित बराह मन्दिर र भामा गुफा रोल्पाको मात्र नभई रुकुम, सल्यान, दाङ, प्यूठान, र सुर्खेत लगायतका जिल्लावासीहरुको आस्थाका केन्द्र मानिन्छन् । दलदल जमिन रहेकै स्थानमा सानो उपत्यका भित्र बज्यू बराह, कैलु बराह र सतदेवका मन्दिरहरु छन् जहाँ वैशाख पुर्णिमा, जेठ पुर्णिमा र श्रावण पुर्णिमामा मेला लाग्ने र श्रद्धालुहरुले सयौँ भेडा र कुखुराको बली दिने चलन रहि आएको छ । यस धार्मिक स्थलको दर्शन गरेपछि मनोकांक्षा पुरा हुने र सन्तानलाभ हुने विश्वास रहदै आएको छ । जेष्ठ पूर्णिमाको वराह मेलामा हजारौंको संख्यामा तिर्थालुहरु आउने गर्दछन् । किंवदन्ती अनुसार यहाँको भामागुफा बाट १२ भाइ वराह र २२ बहिनी बज्यू वराह उत्पत्ति भई नेपालका विभिन्न स्थानमा फैलिएका थिए । त्यसकारण भामा गुफालाई वराहाको उत्पतिस्थल हो भनेर स्थानीयहरुले मान्ने गरेका छन् । यस रमणीय क्षेत्रको प्राकृतिक सुन्दरता झण्डै अरु क्षेत्रहरु भन्दा अतुलनिय र बेग्लै प्रकारको छ ।


*जलजला क्षेत्रमा अवस्थित बजुबराह मन्दिरको दृश्य*

## जैविक विविधता


*बैशाख जेठमा देखिने गुँरास सहितको दृश्य*

यस क्षेत्रमा करिब १४ प्रजातिका गुराँस फुल्दछन् । ३,००० मिटर भन्दा उच्च स्थानका लेकहरुमा जेठ र आषाड सम्म फुलिरहने यी हिमाली गुराँसहरुलाई स्थानीयहरुलेचिमाली समेत भन्दछन् । यहाँ घोरल, थार, रतुवा, हरिण, बँदेल, चितुवा, भालु र दुर्लभ रेड पाण्डा लगायत जंगली जनावरहरु पाइन्छन् । जलजला क्षेत्र डाँफे, मुनाल, कालिज सहित सयौं प्रकारका चराचुरुङ्गीहरुको बासस्थान पनि हो । यहाँ पाइने मुख्य वनस्पतीहरुमा धुपि सल्ला, लौठ सल्ला, खर्सु, बाँझ, सरी, लालीगुँरास, उत्तिस, अत्तिस, अङ्गेर, चिलाउने, काफल, ओखर, चुत्रो, टुनी, कटुस, लाँकुरी, खोटे सल्ला आदि पर्दछन् । उच्च पहाडी क्षेत्रमा पाइने धेरै प्रकारका घाँसे प्रजातीका फूलहरु फुल्दा श्रावण भदौ महिनामा यहाँका बुकीक्षेत्रहरु अत्यन्तै मनमोहक देखिन्छन् । जलजला क्षेत्रमा जमिनबाट लगातार रुपमा रसाइरहने पानीका कारण यहाँको भु-भाग सिमसारमय छ जुन राप्ति नदीको उद्गम स्थल हो । जडिबुटिहरुको हकमा यस क्षेत्रमा सतुवा, पदमचाल, पाँचऔले, चिराइतो, सुनगाभा, सुगन्धवाल, सुनाखरी, समायो, चुत्रो, गरेली फूल, दालचिनी, तेजपात, बोजो, कचुर, पुदिना, टिमुर, सिल्टिमुर, धम्पे, सिङ्ग्ली मिङ्ग्ली, रुकन, ढुंगेफूल, विषमा, हड्जोर, बकिन्नो, काकरसिंगे, सिउँडी आदि पाइन्छन् ।

## जलजला क्षेत्र सम्मको पहुच


*साउनभदौमा जलजलामा फुल्ने घाँसेफुल*

देशका सबै प्रमुख शहरहरुबाट बस यात्रा गरी रोल्पा जान सकिन्छ । बाहिरी जिल्लाबाट जलजला जानका लागि बसमा रोल्पा आउँदा यहाँका प्रमुख तीन स्थानबाट (सुलिचौर, लिवाङ र थवाङ) यात्रा गर्न सकिन्छ । यी तीन स्थानमा आए पछि निम्न अनुसार स्थानीय यात्रा तय गर्न सकिन्छ ।

- **सुलिचौर-जेलवाङ-जलजला:** सुलिचौरबाट भाडाका जिपहरुबाट २ घण्टाको धुलेबाटो यात्रामा सुनछहरी गाउँपालिका वडा नम्बर ७ को जेल्वाङ सम्म पुग्न सकिन्छ । जेल्वाङमा रहेको होमस्टेमा खाना र वासको व्यवस्था हुनसक्दछ । जेल्वाङ बाट गुरिल्ला पदमार्ग हुँदै ६ देखि ८ घण्टाको उकालो जंगल पैदल यात्रा पछि जलजला पुगिन्छ । बाटोमा खाने बस्ने व्यवस्था नभएको हुनाले खानेकुराहरु बोक्नु पर्दछ । जेलवाङमा स्थानीय पर्यटक गाइडहरु पाइनेछन् र तिनीहरु संग जाँदा यात्रा सहज र रमाइलो हुन्छ । यो बाटोमा घना जंगल र ठाडो उकालो भए पनि गुँरास र भुम सल्लाका पुराना र ठुला रुखहरु, पानीका झर्नाहरु लगायत भञ्ज्याङहरु बाट देखिने पहाडका तरेली र बुकीक्षेत्र अति रमणीय र आनन्ददायक हुन्छन् । उत्साजनक लामो उकालो हिड्न चाहनेका लागि यो बाटो उपयुक्त छ।
- **लिवाङ-ओखेनी-धरमपानी-जलजला:** यो बाटो अन्य बाटाहरु भन्दा छोटो मानिन्छ । रोल्पाको सदरमुकाम लिवाङबाट उत्तर तर्फ रोल्पा नगरपालिका वडा नम्बर ८ को ओखेनी सम्म गाडीमा करिब डेढ घण्टामा पुगिन्छ । ओखेनी बाट धरमपानी हुँदै जलजला मन्दिर क्षेत्रमा करिब ३ देखि ४ घण्टाको पैदल यात्रा गरेपछि पुगिन्छ । ओखेनीमा वास र खाजा खानाको मध्यम स्तरिय व्यवस्था हुनसक्ने, धरमपानीमा पुगेपछि पहाडका तरेलीहरु, चरन क्षेत्रहरु र हिमालका मनोरम दृश्यहरु देखिने र पैदल यात्रा पनि छोटो भएको हुनाले लिवाङवाट जाने धेरै पर्यटकहरु यो बाटो हिड्ने गरेको स्थानीयहरुले बताउँछन् । गोरेटा बाटाहरु धेरै ठाँउमा फाट्ने हुनाले सकेसम्म समूहमा जान उपयुक्त हुन्छ भने बाटोमा स्थानीयहरुसँग सोध्दै हिड्नु पर्दछ ।
- **लिवाङ-जंकोट-जलजला:** सदरमुकाम लिवाङबाट माडीचौर, नम्लि, भिरखोला हुँदै जंकोटसम्म गाडीमा (भाडामा पनि उपलब्ध हुन्छ) २ घण्टामा पुगिन्छ ।